अब अभियान साप्ताहिक वेबसाइडमा
www.nipalikhabar.com

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Email: abhiyan.weekly@yahoo.com

वर्ष : २७ अङ्क : ४३ २०६७ असार ४ गते शुक्रबार (June 18, 2010) मूल्य रू. ५/-

## प्राधिकरणमा झा र यादवद्वारा लुट

काठमाडौं / मोटो रकम बुझाएर नेपाल विद्युत प्राधिकरणमा कार्यकारी निर्देशक बनेका डा.जिवेन्द्र झा अहिले जसरी भएपनि आफूले बुझाएको रकम असुलउपर गर्न व्यास्त रहेका छन्। सरकार परिवर्तनको संघारमा रहेको र सरकार परिवर्तनसँगै अर्को सरकारको आगमन पश्चात् आफ्नो पद गुम्ने डरले गर्दा उनले प्राधिकरणलाई टाट पल्टाएरै भएपनि आफूले नजराना चढाएको रकम असुलउपर गर्न गरैकानूनी कार्य गर्न समेत उनी पछि नपरेको चर्चा प्राधिकरण भित्रै व्याप्त रहेको छ। त्यसका लागि उनले विद्युत् प्राधिकरणकै विद्युतीकरणका महाप्रबन्धको सहयोग लिईरहेका छन्। यी दुवै तराईवासीहरूका कारण विद्युत् प्राधिकरण भ्रष्टाचारको अखडा बनेको छ। साना जालविद्युत तथा ग्रामीण विद्युतीकरण विभागमा हस्तक्षेप गरेर लट लटमा गरी झण्डै ४५ (बाँकी अन्तिम पेजमा)

# बारा पर्सामा राजतन्त्र जिन्दावाद

काठमाडौं / पनौती, जनकपुर, नेपालगञ्जपछि बारा, पर्सामा राजतन्त्र जिन्दावादका नारा घन्किएका छन्। जनताले प्रश्न उठाएका छन्,



पार्टीहरूलाई संविधान लेख्न पठाइएको हो, राजतन्त्र फाल्न होइन। राजनीतिक दलहरूले जनविश्वासप्रति घात गरेको छन्। नेपाल हिन्दू राष्ट्र नै हुनुपर्छ, राजतन्त्र फाल्न पाइन्न।

गत बुधबार बुद्ध एयरको जहाजमा सिमरामा पूर्व राजा ज्ञानेन्द्र उत्रँदा बारा-पर्सा र आसपासका जिल्लाबाट आएका नागरिकले नारा लगाए, राजा आऊ देश बचाउ। हुनपनि यतिबेला देशलाई नयाँ नेपाल बनाउँछु भन्ने दलहरूले अस्तव्यस्त पारेको अवस्था छ। सत्ताको छिनाझप्टी, राजीनिक अन्यौलता यसरी बढेको छ कि कुनै पनि बेला नरसंहार र रक्तपातको खतरा हुनसक्ने त्रासदीमा मुलुक छ। नाममात्रको गणतन्त्र छ, लोकतन्त्र छ, विधि छैन, अनुशासन छैन, सरकार छ, सरकार भन्ने अनुभूति छैन, कुनै पनि नेता वा दलले प्रभाव र नियन्त्रण गुमाइसकेका छन्। असरल्ल र असहज परिस्थितिले मुलुक राजनीतिक बन्दी बनेको छ।

माओवादी सहमतिको र आफ्नै नेतृत्वमा सहमतिको सरकार चल्नुपर्छ भनेर जिरह गरिहेको छ। कांग्रेस र एमाले माओवादी पहिले नागरिक पार्टी बन्नैपर्छ भनिरहका छन्। जेठ १४ गते आधारातमा भएको ३ बूँदे सहमति अनुसार प्रधानमन्त्री माधव नेपालले राजीनामा नदिएकाले कांग्रेस र एमाले बेइमान भए भन्ने ठाडै माओवादीको आरोप छ भने ३ बूँदे सहमतिमा पहिले एक र तीन बूँदा कार्यन्वयन हुनुपर्छ अनि प्रधानमन्त्रीले राजीनामा गर्ने छन् भन्ने सत्तावादीको अडान छ। बजेट अधिवेशनसमेत अनिश्चित र अनपेक्षित घटनामा परिसकेको सन्दर्भमा मुलुकमा अभिभावकीय संस्थाको अत्यावश्यक देखिएको छ।

सम्भवत: राजनीतिक दलहरूले सहमति राजतन्त्रको अन्त्य गरेको विषयमा जनताको समर्थन थिएन र अयोग्य र असफल बन्दै गएकाले राजनीतिक दलहरू विरुद्ध जनताले राजा आउ देश बचाउ भनेर अन्तस्करणको आवाज निकालेका छन्।

(बाँकी अन्तिम पेजमा)

## दाहालको प्रस्तावमा षडयन्त्रको गन्ध



काठमाडौं / विगत एक वर्षदेखि प्रधानमन्त्री माधवकुमार नेपाल विरुद्ध संसददेखि सडकसम्म आन्दोलन गर्दै आएको एकीकृत नेकपा माओवादी फेरि संघर्षको कुरा गर्न थालेको छ। संविधानसभाको पदावधि थप्नेबेला २०६७ जेठ १४ गते मध्यरातमा भएको तीन दलबीचको तीन बूँदे सहमति पूर्ण पालना गर्नुको सट्टा तिनै दल आरोप-प्रत्यारोपमा उत्रिएका छन्। तीन बुँदा मध्येका प्रधानमन्त्रीको राजिनामालाई मात्र माओवादीले प्राथमिकतामा राखेपछि दलहरू बीच सहमति हुन सकेको छैन। नेपाली कांग्रेस र नेकपा एमालेले सहमति र राजीनामा एकैपल्ट भनेर अडान लिइरहेको बेला माओवादी (बाँकी तीन पेजमा)

## जनताले तिरेको करमाथि फेरी लुट लुट्नमा सबैदल सहमत

अभियान संवाददाता

काठमाडौं / सत्ताधारी दलका प्रभावशाली व्यक्तिहरू र प्रमुख विपक्षी एकीकृत नेकपा माओवादीका केही सभाषद्हरूले संसद्बाट स्वीकृत वार्षिक बजेटलाई धोति लगाउँदै आ-आफ्नो जिल्ला र निर्वाचन क्षेत्रमा यसै आर्थिक वर्षमा खर्च गरिने भन्दै नयाँ योजनाको लागि करोडौं रकम लिन थालेका छन्। सरकारले सत्ता र विपक्षी दलका नेताहरूलाई आर्थिक वर्षको अन्तयमा ठूलो रकम उपलब्ध गराउँदा त्यसमा ठूलो रकम दुरुपयोग हुन सकेन आशंका गरिएको छ। आर्थिक वर्ष सकिन एक महिना पनि बाँकी नरहेको अवस्थामा प्रचलित कानून विपरित नयाँ सडक योजनाका लागि करीव ४० करोड भन्दा बढी रकम निकाशा दिने निर्णय गरेर जनताले तिरेको करमाथि सरकारले धावा बोलेको छ।

नेताहरूको दवावमा भौतिक योजना तथा निर्माण मन्त्रालयले विभिन्न आयोजनामा बचत हुने रकमबाट ति योजनाहरू निर्माण गर्न स्वीकृत दिएको र अर्थ मन्त्रालयले समेत ति योजनाहरूलाई पूरा गर्न योजना आयोगको स्वकितीमा रकम दिन थालेपछि कर्मचारीहरूमा समेत उत्सुकता बढेको छ। यसरी आर्थिक वर्षको अन्त्यमा नयाँ योजना ल्याएर रकम विनीयोजित गर्दा योजना बन्ने कम सम्भावना हुने र कागजमा योजना सम्पन्न भएको देखाएर रकम दुरुपयोग गर्ने प्रमुख उद्देश्यका साथ रकम बाँडिएको प्रष्ट हुन्छ। सरकारको पहिलो प्राथमिकतामा परेका योजनाहरू कटाएर साना योजनाका लागि रकम बाँडिएको छ। अब आर्थिक वर्ष सकिन एक महिना पनि बाँकी छैन। त्यसमा पनि असार २५ गते सम्ममा रकम निकास बन्द गरिसक्नु पर्ने कानूनी बाध्यता रहेको छ। नयाँ योजना कार्यान्वयन गर्न अब २५ दिन पनिबाँकी नहुने र १० लाख भन्दाबढीको रकम खर्च गर्न ३० दिने सूचना निकाल्नु पर्दछ र १० लाखभन्दा

(बाँकी अन्तिम पेजमा)

## सुजाता फेरी उपप्रधानमन्त्री बन्ने ?

अभियान संवाददाता

काठमाडौं / नेपालका लागि भारतीय राजदूत रोकस सूद र उपप्रधान तथा परराष्ट्रमन्त्री सुजाता कोइराला साथसाथै दिल्ली पुगेका छन्। स्रोत भन्छ, सुजाताले राजनीतिक परिवर्तन र कांग्रेसको महाधिवेशनमा आफ्नो हैसियत कायम राखिदिन दिल्लीलाई मनाउने मुख्य एजेण्डा बोकेर गएकी छिन्। सुजाता स्रोतका अनुसार उनले दिल्लीको उच्च नेतृत्व तहसँगै विशेष वार्ता गर्नेछिन्। यही भेटवार्तामा एमआरपी (पासपोर्ट) छपाईमा भएको पुन: टेण्डर र त्यसमा भारतको हित कसरी कायम गर्ने भन्ने सन्दर्भमा पनि वार्ता हुनेछ। यसबारेमा सुजाताको रणनीति दिल्लीलाई कसरी कन्भिन्स् गराउन सक्छ ? त्यो उत्सुकताको विषय बनेको छ।

उपप्रम विजयगच्छदार, रक्षामन्त्री विद्यादेवी भण्डारी भ्रमण खर्च लिएर भारत गएकाले सुजाताले पनि १० लाख भ्रमण खर्च मागेकी थिइन्। प्रधानमन्त्रीले पहिले जस्तो विवाद हुन सक्छ भनेर पैसा निकास नदिएकोले आक्रोस लिएर सुजाता दिल्ली गएकी छिन्। उनले प्रम माधव नेपालविरुद्ध कुन किसिमको धुप हाल्ने हुन त्यो पनि राजनीतिक वृतमा चर्चित प्रसङ्ग बनेको छ।

(बाँकी अन्तिम पेजमा)

## माओवादी नेतृत्वमा कि प्रतिपक्षमा

काठमाडौं / पछिल्लो पोलिटब्युरो बैठकमा माओवादी अध्यक्ष प्रचण्डले अलिखित प्रस्ताव गर्दै अनेकार्थी शब्दहरू प्रस्ताव गरेपछि डा.बाबुराम भट्टराई पक्ष र प्रचण्ड पक्षहरूको छटपटी छताछुल्ल भएर पोखिएको छ। यसमाथि मधेसवादी ४ दलले सत्तामा रहेको लोकतान्त्रिक फोमरसहित डा.बाबुराको पक्षमा सत्ताको नेतृत्वका लागि वार्ता पहल गरेपछि प्रचण्डको छटपटी झन् बढेको छ।

प्रचण्डले माओवादी नेतृत्वमा राष्ट्रिय सरकारको कुरा गरे पनि प्रचण्ड घरेलु र विदेशीबाट अस्विकृत भएपछि नयाँ रणनीति लिंदै एनेकपा माओवादी प्रतिपक्षमा बस्ने भाव अगाडि सार्न सफल भएका छन्। तर डा.बाबुराम पक्षधरहरूले विकल्प खुला राखेर माओवादीकै नेतृत्वमा राष्ट्रिय (बाँकी अन्तिम पेजमा)

## काउन्सिलका सदस्यहरुको हैसियत के ?

काठमाडौं / प्रेस काउन्सिलका सदस्यहरूलाई कानूनले तोकेको समयावधि बाँकी छँदै अवकाश दिएको भन्दै त्यसलाई रोक लगाउने अघिल्लो सर्वोच्च अदालतको संयुक्त इजलासले जारी गरेको अन्तरिम आदेशलाई सर्वोच्च अदालतको अर्को संयुक्त इजलासले खारेज गरिदिएपछि सरकालाई प्रेस काउन्सिल गठन गर्ने बाटो खुल्ला भएको छ। प्रेस काउन्सिलका सदस्यहरू रामरिझन यादव, गोविन्द आचार्य, दामोदरप्रसाद दवाडी र संगीता लामाले प्रेस काउन्सिल ऐन, २०४८ को दफा ६ (२) ले काउन्सिलका अध्यक्ष र सदस्यहरूको पदावधि चार वर्ष

(बाँकी अन्तिम पेजमा)

## थपिएको एक वर्ष के का लागि ?

शाश्वत शर्मा

गएको १४ गते मध्यराती असक्षम एवं नालायक संविधानसभाको म्याद पुन: एक वर्षका लागि भनेर थप्नुको औचित्य के ? यही अहिले चलिरहेको सत्ताको हानाथाप देखाउनका लागि ? कि जसो तसो भएपनि यसो त्यो कथित संविधान कोरेर देखाउनका लागि ? अब त हुँदा हुँदा व्यवस्थापिका संसद् भनाउँदो 'संसद्' को बैठक बस्ने कुरा पनि अन्यौलमा छ। मुख्य विपक्षी एनेकपा माओवादीको सहमति विना (!) त्यो 'संसद्' को हिउँदे अधिवेशन स्थगित गरेर बर्खे अधिवेशन शुरु गर्ने त भनियो !! तर के गर्ने ? बौखलाएको मुख्य विपक्षी दल 'संसद्' को अधिवेशन शुरु गर्न गराउनका लागि पनि तगारो बनेर उभिरहेको छ। सरकार भन्छ, बजेट सम्म बनीसक्यो। ... तर पेश गर्ने कहाँ ? अर्थात् मुलुकमा फेरि एक पटक 'डेडलक'को स्थिति देखा पर्दैछ। अब यो 'डेडलक' फुकाउँ भन्दा पनि त्यो कथित 'सहमतिको सरकार' भन्ने पनि फासफुस नै भइसक्यो। श्रीमान् प्रचण्डले अब उही पुरानै विपक्षीकै बेन्चमा बस्ने कुरा गर्न थालिसके। अब उता श्रीमान् बाबुरामलाई चैं अझै प्रधानमन्त्री हुने रहर सेलाएको छैन। हेर्दा यस्तो लाग्छ कि त्यो 'सहमति' अब कथित तीन मुख्य दलका बीचमा मात्रै होइन कि, ती तीन दल भित्रै पनि 'सहमति' हुनु पर्ने देखिन्छ–खासगरी 'प्रधानमन्त्री' को पदका लागि। एनेकपा माओवादी भित्र प्रचण्ड र बाबुराम बीच मारामार, एमाले भित्र झल र के.पी. बीच मारामार।



हुँदा हुँदा झलले त प्रेस चौतारीसँगको प, शिक्षण कार्याक्रममा त माधव र के.पी. ओलीलाई असफल भनेर आफ्नो दावेदारी प्रस्तुत नै गरिसके। अरु उता कांग्रेसमा त देउवा, रामचन्द्र र के.बी. गुरुङ गरी तीन जना पो देखिए- प्रधामन्त्रीका दावेदार। अब 'सहमति' पहिला आफै भित्र भएर अनि मात्र बाहिर 'सहमति' गर्न आउनु पर्ने प्रष्ट देखिएको छ। अर्थात् मिल्ने कहिले ? र मिलाउने कस्ले ? अनि नेपाली जनताका

(बाँकी अन्तिम पेजमा)

पढ्थ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरु ध्वस्त पारे समाज ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥ ¥

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं । – अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

# जनतालाई फेरी नधम्क्याउ

२०६७ साल जेठ १४ गते मध्यरातमा संविधानसभाको पदावधी एक वर्षका लागि लम्बाईए पनि आजका मितिसम्म उक्त दिनमा भएको तीनबुँदे सहमति कार्यान्वयन हुन सकेको छैन । जनताले दुई वर्षे म्याण्डेट दिएर संविधानसभामा पठाएका ६०१ सभाषदहरूले ताकिएको समयमा संविधान निर्माण गर्न सकेनन् । दलहरूको अकर्मण्यता र नालायकीपनले गर्दा संविधानसभा सभाषदहरूका लागि गफ गर्ने अखडा र तलबभत्तालगायका अन्य सुविधाहरू खाने थलो मात्र बनेको छ । संविधानसभाले तोकिएको समयमा संविधान निर्मण गर्न नसक्नुका कारणहरू के-के हुन भनेर कहिल्यै खोजविन र बहसै नचलाइकन म्याद थपिएको हुनाले अहिलेकै अवस्थामा अबको १ वर्षभित्रमा पनि संविधान बन्न सक्ने अवस्था छैन । दुई वर्षभित्रमा संविधान निर्मणको पक्षमा झीनामसिना कुराहरूमा बाहेक महत्वपूर्ण बुँदाहरूमा दलहरूबीच सहमति बन्न सकेको छैन । संविधानसभाका अध्यक्ष सुभाषचन्द्र नेम्वाङले ८० प्रतिशत कार्य सम्पन्न भएको उद्घोष गरेपनि नेम्वाङको भनाईमा कुनै सत्यता नभएको स्वयं सभाषदहरूले बताइरहँदा अध्यक्ष नेम्वाङको नैतिकतामाथि नै प्रश्न उठेको छ ।

संविधान निर्माणका लागि संसद्मा उपस्थित भएका पच्चीसै दलहरूको उत्तिकै सहयोग र समर्थन चाहिने भएपनि खास गरेर तीन ठूला दलहरूको प्रभाव बढी रहेको छ । संविधान निर्मणको प्रक्रियामा संविधानका प्रत्येक धारा, दफा र उपदफाहरू भरिसक्य सर्वसम्मतले त्यसो नभएमा दुई तिहाइले पारित हुनुपर्ने संवैधानिक व्यवस्था भएको हुनाले एकीकृत नेकपा माओवादी, नेपाली कांग्रेस र नेकपा एमाले एकै ठाउँमा नआएका खण्डमा कुनै पनि हालतमा संविधान निर्माण हुन सक्ने अवस्था छैन । संविधानसभामा एकीकृत नेकपामा माओवादीका २३८ सभाषद् रहेका छन् भने नेपाली कांग्रेसका ११४ र नेकपा एमालेका १०९ सभाषद् रहेका छन् । यसरी यी तीन दल  एक भएको खण्डमा यिनीहरूको संख्या ४६१ पुग्ने र दुई तिहाइको लागि ४०१ मत चाहिने कानूनी प्रावधान रहेको हुनाले यी तीनदल एक नभइकन कुनै हालतमा पनि संधिवान बन्न सक्ने अवस्था छैन । यी तीन ठूला दलका नेताहरूलाई यस कुराको राम्रो जानकारी भएपनि यिनीहरू संविधान निर्माणलाई भन्दा पनि सत्तालाई प्राथमिकतामा राख्न चाहिरहेका हुनाले यिनीहरू बीच सहमति बन्ने कुरामा जनताले विश्वास गर्न सकिरहेका छैनन् । संविधानसभाको चुनामा संविधान निर्माणको लागि भएपनि तीन दलले सत्ताको पेरिफेरीमै दुईवर्ष बिताएका छन् । एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहालको सरकार पनि सहमतिको सरकार बन्न सकेन्, बाध्य भएर दाहालले राजिनामा दिए । अहिले पनि माकुने सरकारको हालत उस्तै छ । उसलाई एकीकृत नेकपा माओवादीले रिमोटबाट चल्ने कठ्पुतली सरकार भनेर सत्तो सराप गरिरहेको अवस्थामा फेरि राष्ट्रिय सहमतिको सरकार बनाउने प्रपञ्च रच्न थालिएको छ । तर तीन दल तीनतिर मुख फर्काएर बसेका हुनाले राष्ट्रिय समहतिको सरकार भरिसक्य बन्नै नसक्ने बनिहालेको खण्डमा पनि त्यो राम्ररी सञ्चालन हुन नसक्ने दलहरूको व्यवहारबाटै प्रष्ट भएको छ ।

माओवादी नेतृत्व आफ्नो नेतृत्वको सरकारको माग गरिरहेको छ । माधवकुमार नेपाल नेतृत्वको सरकार गठन भएकै दिनदेखि उसले माकुने सरकारका विरुद्ध संसद हुँदै सडकसम्म आन्दोलन सम्पन्न गरेपनि हात लाग्यो शुन्य भएपछि फेरि तिनै असफल व्यक्ति पुष्पकमल दहालको नेतृत्वमा सरकार बन्नुपर्छ भनि एकतफी रुपमा ऊ माकुने सरकारको राजीनामा माग गरिरहेको छ भने अन्य दलहरू पहिला माओवादीबाट केही प्रतिबद्धता आउनु पर्ने कुरामा अडिग रहेका छन् । जेठ १४ गते  मध्यरातमा भएको तीन बूँदे सहमतिमा पनि शान्तिप्रक्रियालाई ठोस निष्कर्षमा पुऱ्याउनका लागि माओवादीले प्रतिबद्धता जनाउनै पर्ने आशयको सहमति भएको भएपनि अहिले आएर दलहरू आ-आफ्नो पार्टीगत स्वार्थका लागि त्यो सहमतिको आ-आफ्नै तरिकाले व्यख्या गर्न थालेका हुनाले तीन बुँदे सहमित पनि बेवारीस अवस्थामा पुगेको छ ।

तीनबुँदे सहमतिअनुसार एकीकृत नेकपा माओवादीले आफ्ना पूर्व लडाकूहरूको व्यवस्थापन र समायोजनका बारेमा ठोस निर्णय लिनै पर्दछ, माओवादीद्वारा कब्जामा लिएको सम्पत्ति घरजग्गा फिर्ता गर्ने प्रतिबद्धतासहित कार्यान्वयनको मिति तोक्नै पर्दछ अनि वाईसीएलको अर्धसैनिक संरभचना भङ्ग नभइकन गरिएको कुनै पनि सहमति र सम्झदारीको कुनै औचित्य छैन । एकीकृत नेकपा माओवादी हतियार र लडाकूको दम्भ त्यागेर अन्य दलहरू जस्तै नागरिक पार्टी बन्नुको सट्टा फेरि आन्दोनलमा जान्छौं, हामीलाई बाध्य नपारियोस् भनेर  धम्क्याइनुको कुनै महत्व र अर्थ छैन । संधिवानसभामा सबैभन्दा ठूलो दल भएको पार्टीले  आन्दोलनको धम्की दिनु आफूलाई भोट दिएर संविधानसभामा ठूलो दल बनाउन सहयोग गर्ने सर्वाभौमसत्ता सम्पन्न नेपाली जनतामाथि घात गर्नु हो भन्ने हामीले ठानेका छौं । यसरी जनतालाई घात गर्ने अधिकार कुनै दललाई छैन्, जनता भनेका न्यायाधीस हुन भन्ने हामीले महसूस गरेका हुनाले दलहरूले समेत त्यस्तै महसूस गरुन् भन्ने हाम्रो कामना ।

# नेपाली जनता सार्वभौम सत्ता सम्पन्न नभएको प्रमाणित

– देवेन्द्र चुडाल –

दुई वर्षसम्म आरोप प्रत्यामरोपमा उत्रिएका राजनीतिक दलहरुले मध्यरातमा जेठ १४ गते संविधानसभाको पदावधि एक वर्ष लम्ब्याइए पनि दलहरू बीचमा राजनैतिक सहमति बन्न नसकेको हुनाले सरकारको नीति तथा कार्यक्रम र आगामी वर्षको आय-व्यय बजेटमा समेत असर पर्ने प्राय: निश्चित देखिएको छ । २०६७ साल जेठ १४ गते मध्यरातमा मुलुकका तीन ठूला दलहरू बीच तीनबूँदे सहमति भएअनुसार संविधानसभाको पदावधि लम्ब्याइएको थियो । दुई वर्षे कार्यकाल भएको संविधानसभाले तोकिएको समय-सीमाभित्र संविधान निर्माण गर्न सकेन । संविधानसभाको पदावधि लम्ब्याउँदा किन, के कारणले तोकिएको समयमा संविधान निर्माण गर्न सकिएन भनेर कसैले त्यसबारे खोजविन र छानवीन गर्ने साहस देखाएनन् । संविधानसभाको नेता भनेका संविधानसभाका अध्यक्ष नै हुन् । संविधान निर्माण हुन एक-दुई महिना बाँकी रहँदा संविधानसभाका अध्यक्ष सुभाष नेम्वाङ्ग ठूलो-ठूलो स्वरमा कराउँथे, तोकिएको समयमै संविधान निर्माण हुन्छ, ८० प्रतिशत कार्य सम्पन्न भइसकेको छ । त्यसमा कसैले शंका नगरे हुन्छ भनेर कुर्लिने नेम्वाङ्गले तोकिएको समयमा संविधान नबनेपछि जनतासामु माफी माग्ने हिम्मतसमेत गरेनन् । यसरी सार्वभौमसत्ता सम्पन्न नेपाली जनतालाई दलहरूले मात्र नभएर संविधानसभाका अध्यक्षबाट पनि ठाडै ढाँट्ने कार्य भयो । नैतिकता अलिकति भएका नेताहरू हुँदा हुन् त तोकिएको समयमा संविधान निर्माण हुन नसकेपछि त्यसैदिन राजीनामा दिएर मार्ग प्रशस्त गरिदिन्थे, तर हाम्रा राजनैतिक दलका नेताहरू नाङ्गै हिंडेका हुनाले उनीहरूलाई नैतिकता भन्ने कुन चरीको नाम हो ? थाहै छैन । गरीब नेपाली जनताले तिरेको करबाट आफूखुशी तलबभत्ता खाएर बसेका नेताहरूले फेरि आफूखुशी नै संविधानसभाको पदावधि एक वर्ष थपेर तलबभत्तालगायतका सुविधामात्र खाने नियत राखेका छन् ।

संविधानसभाको पदावधि एक वर्ष थपे पनि संविधान बन्नसक्ने कुनै आधार अहिलेसम्म देखिएको छैन । संविधानसभामा सबैभन्दा ठूलो दल भएको एकीकृत नेकपा माओवादी प्रधानमन्त्रीको राजीनामामा रुमलिएको छ । उसलाई प्रधानमन्त्रीको राजीनामाबाहेक अन्य केही चाहिएको छैन । जसरी भए पनि प्रधानमन्त्रीलाई राजीनामा गराएर प्रधानमन्त्रीको कुर्सीमा आफू बहाल हुने एकमात्र उद्देश्य बोकेर ऊ अगाडि बढेको छ । प्रधानमन्त्री माधवकुमार नेपाल बनेदेखि नै माकुनेलाई रिमोटबाट चल्ने कठ्पुतली सरकार भन्दै संसद्देखि सडकसम्मको आन्दोलन गरे पनि हातलाग्यो शून्य भएपछि अहिले उसले मुलुकलाई नै अनिर्णयको बन्दी बनाउने खेलमा लागेको छ । सरकारले आफ्नो सरकारको नीति तथा कार्यक्रम र बजेट ल्याउन नसकेको खण्डमा नयाँ आर्थिक वर्ष श्रावणदेखि मुलुक नै ठप्प हुनसक्छ । कर्मचारीहरूले तलबभत्ता खान नपाउने अवस्था सिर्जना भएर विद्रोह हुनसक्ने अवस्था आएमा त्यसको जिम्मेवारी कसले लिने ? तीन दलबीच भएको तीनबूँदे सहमतिले गर्दा संसद्मा उपस्थित भएका अन्य साना बाईस दलहरू अहिले अन्यौलमा परेका छन् । जनताले सबै दललाई निर्वाचित गराएर संविधानसभामा पठाएका भए पनि तीन ठूला दलहरूको मात्र मनपरीतन्त्र संविधानसभामा चलेको छ । मानौं, मुलुक अब तीन दलको पेवा भएको छ । जनताले तीन दललाई मात्र आफ्ना अधिकार कटौती गर्ने अधिकार दिएका छन् । जनताले दुई वर्षे म्याण्डेट दिएर पठाएका व्यक्तिहरूले तिनै जनतालाई उपेक्षा गर्दै आफूले आफ्नै पदावधि लम्ब्याउनु भनेको जनता अझै पनि सार्वभौमसत्ता सम्पन्न नभएको प्रमाण हो । कागजमा सार्वभौमसत्ता सम्पन्न भएको भनेर लेख्दैमा जनता सार्वभौमसत्ता सम्पन्न भएको मानिंदैन, व्यवहारमा नै जनता सार्वभौमसत्ता सम्पन्न भएको देखिनुपर्दछ । संविधानसभाका सदस्यहरूले पहिला नै आफ्नो मृत्युपत्रमा हस्ताक्षर गरेर आफ्नो आयु तोकिसकेका थिए । तर, आफ्नो मृत्युपत्रको हस्ताक्षरलाई बेवास्ता गर्दै फेरि मुलुकलाई ६०१ को भारी बोकाउँदै आफ्नो पदावधि आफैं थप्नु भनेको प्रजातान्त्रिक मूल्य र मान्यताको खिल्ली उडाउनु होइन र ?

संविधानसभाको पदावधि थपिएपछि संविधान निर्माण गर्ने कार्य अगाडि बढ्ने छ भनेर जनतालाई आश्वाशनहरू दिएका नेताहरू अहिले संविधान निर्माणभन्दा सरकारको निर्माणलाई प्राथमिकतामा राखेर अगाडि बढेका छन्, सत्ताधारी दलहरू र सत्ताबाहिर रहेका दलहरू समेत माकुने सरकारलाई विस्थापित गरेर आ-आफ्नो नेतृत्वमा सरकार हत्याउने खेलमै सक्रिय भएका छन् । संविधानसभाको पदावधि थपिएपछि सबै दलहरूमा आपसी द्वन्द बढेको छ । खास गरेर तीन ठूला दलहरू आपसी द्वन्दमा जाकिएका छन् । त्यसको पछिल्लो प्रमाण हो, एकीकृत नेकपा माओवादी । एकीकृत नेकपा माओवादी आफ्नो नेतृत्वमा, त्यसमा पनि आफ्नै अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा सरकार बनाउन चाहिरहेको छ । तर, अन्य दलहरूले अध्यक्ष दाहालको नेतृत्व स्वीकार गर्नसक्ने अवस्था छैन । माओवादीका अध्यक्ष पुष्पकमल दाहाल जसरी भए पनि र जसलाई गुहार गरेर भए पनि प्रधानमन्त्री बन्न चाहिरहेका हुनाले दलहरू बीच सहमति बन्न नसकेको सत्य वास्तविकतालाई माओवादीको नेतृत्वले स्वीकार गर्नै पर्दैछ । यदि दाहालबाहेक अन्य नेताहरूको नेतृत्वमा सरकार बन्नसक्ने अवस्था देखिएको खण्डमा त्यो अध्यक्ष दाहाललगायत अन्य केही नेताहरूलाई स्वीकार हुन नसक्ने अवस्था देखिएको हुनाले माओवादीभित्रै व्यापक अन्तर द्वन्द र आरोप-प्रत्यारोप चलेको छ । एकले-अर्कालाई भारतमुखी भएको आरोपसमेत लगाउन थालेका हुनाले नेपालका सबै राजनीतिक दलहरू भारतीय दलालको रुपमा चिनिएका छन् । सबै दलका नेताहरू भारतलाई खुशी पारेर सत्ता हत्याउने र सत्तामा गएपछि भारतकै इशारामा सत्ता सञ्चालन गर्ने कार्यमा अगाडि बढेका हुनाले जनताका लागि जो-जसको सरकार भए पनि 'कागलाई बेल पाक्यो हर्ष न विस्मात' जस्तोमात्र हुनेछ । तीन ठूला दलहरूको अकर्मण्यता र नालायकीपनको बोझ जनताले बोकिरहनु पर्दा पनि ती दलहरू एक-आपसमा मिल्न सकेका छैनन् । पार्टीगत स्वार्थलाई भन्दा राष्ट्रिय स्वार्थलाई ध्यान दिन नसकेकै कारण मुलुक अहिलेको जस्तो संकटपूर्ण अवस्थामा पुगेको हो ।

एकीकृत नेकपा माओवादीले पटक-पटक गरेका प्रतिबद्धताहरू आजका मितिसम्म पनि पूरा भएका छैनन् । माओवादीका अध्यक्ष प्रचण्ड प्रधानमन्त्री भएका बेला संसद्को रोष्ट्रमबाटै उद्घोष गरेका थिए, ३ महिनाभित्र माआवादीले कब्जामा लिएका घरजग्गा फिर्ता गरिने छ, वाईसीएलको अर्धसैनिक संरचना भङ्ग हुनेछ र माओवादीका पूर्वलडाकूहरूलाई पार्टीबाट सम्बन्ध विच्छेद गराई लडाकू समायोजन तथा व्यवस्थापन समितिअन्तर्गत ल्याइने छ । तर, आजका मितिसम्म पनि कुनै कार्यहरू प्रतिबद्धताअनुसार नभएका हुनाले अन्य दलहरूले उसलाई विश्वास गर्न सकेका छैनन् । माओवादीको नेतृत्वले आफूलाई चाहेका बेला जस्तोसुकै सहमति र सम्झौता गर्न पनि पछि पर्दैन, तर ती सहमति र सम्झौता कहिल्यै पूरा गर्दैन । त्यसैले माओवादी पार्टीलाई भनिन्छ, बोली र व्यवहारमा व्यापक अन्तर रहेको पार्टी । जनताको नारा दिएर, तिनै जनतामाथि लाठी प्रहार गर्ने अनि जनताको इच्छाअनुरुप चल्ने हाम्रो पार्टी भनेर माओवादीको नेतृत्वले अब फूईं नलगाए हुने भएको छ । संविधानसभामा सबैभन्दा ठूलो पार्टी भएको नाताले अन्य सबै दलहरूलाई मिलाएर लैजाने प्रमुख दायित्व माओवादीकै भए पनि उसले आफ्नो दायित्व र भूमिका निभाउन सकेको छैन । माकुने सरकार गठन भएकै दिनदेखि उसको सरकारविरुद्ध सडकमा उत्रनु कहाँको प्रजातान्त्रिक अभ्यास हो ? कहिले नागरिक सर्वोच्चताको कुरा त कहिले राष्ट्रिय सरकारको कुरा उठाएर पार्टीगत स्वार्थ पूरा गर्नखोज्नु नेपाली जनतालाई फेरि उल्लु बनाउने प्रयत्नशिवाय अन्य केही हुन सक्दैन । संसददेखि सडकसम्म आन्दोलन गरेर कमाइखाने जनताको नैसर्गिक अधिकार हनन् गर्ने पार्टीले जनताको कुरा गर्न सुहाउँदैन । १० वर्षे जनयुद्ध गरेर हजारौं-हजार व्यक्तिहरूको हत्यासमेत गरेर आजको अवस्थामा आइपुगेको पार्टीले विगतमा आफूहरूले गरेका गल्ती, कमी-कमजोरीलाई सच्याउँदै जनतासँग माफी मागेर जनताको हकहितका लागि अगाडि बढ्नुपर्नेमा फेरि संघर्षकै कुरा गरेर जनतालाई दु:ख-कष्ट दिने प्रयास गरेको खण्डमा अब जनता माओवादीविरुद्ध सडकमा उत्रन बाध्य हुनेछन्, जसरी वैशाखमा भएको आमहड्तालका विरुद्धमा जनता सडकमा उत्रिएका थिए ।

तीन ठूला दलहरूको असफलता र निकम्मापनले गर्दा मुलुक फेरि गृहयुद्धको भूमरीमा फस्नसक्ने संकेतहरू देखिन थालेका छन् । माओवादीको सिको गर्दै मुलुकभरमा विभिन्न नामधारी सशस्त्र समूहहरू गठन भएका छन् । त्यस्ता समूहहरू कति राजनैतिक उद्देश्यले गठन भएका छन् र कति आपराधीक समूह हुन् भनेर सरकारले पहिचानसम्म गर्न सकेको छैन । जनकपुरमा पाँच दिनको अन्तरमा पाँच निर्दोष व्यक्तिको हत्या भइसकेको भए पनि गृह प्रशासनले अपराधीहरूलाई कानूनको दायरामा ल्याउन सकेको छैन । प्रहरी-प्रशासनलाई राजनैतिककरण गरेर पङ्गु बनाइएको छ । असक्षम र भ्रष्ट व्यक्तिलाई राजनैतिक दलहरूले च्यापेका कारण शान्ति-सुरक्षामा सुधार हुन सकेको छैन । माधवकुमार नेतृत्वको सरकार पूर्णरुपमा असफल सावित भएकोमात्र होइन, जनताका लागि बोझसमेत बनेको छ । यस्तो विकराल अवस्था मुलुकमा सिर्जना भएका बेला ती सबै समस्याहरूको निराकरण गर्नका लागि ताजा जनादेश नै विकल्प हुनसक्थ्यो, तर जनताको हकहितका लागि सिन्कोसम्म भाँच्न नसकेका दलहरू ताजा जनादेशका लागि तयार भएनन्, बरु टीके सांसद् नै भएर पनि मुलुकको ढुकुटी रित्याउनमै रमाए । यसरी अहिले पनि नियम-कानूलाई तोडेर राष्ट्रकै ढुकुटी रित्याउने कार्यमा सबै दलहरू सक्रिय भएका छन्, जसको प्रमाण हो, आर्थिक वर्ष सकिन एक महिनामात्र बाँकी रहँदा करोडौं-करोड रकम प्रभावशाली व्यक्तिहरूले आ-आफ्नो निर्वाचन क्षेत्रका लागि भन्दै लिएका छन् । त्यसरी रकम लिनेहरूमा सत्ताधारी दलदेखि प्रमुख विपक्षी दल एकीकृत नेकपा माओवादीका समेत रहेका हुनाले जनताले भन्नै पर्दछ, 'काले-काले मिलेर खाऊँ भाले ।' खाने बेलामा सबै एक, अनि नाटक के का लागि त ? भन्ने प्रश्न उब्जिएको छ ।

# लडाकुहरूलाई उग्र बनाउन अनमिन तल्लीन

**कृपा थापा**

नेपालको शान्तिप्रक्रियामा सहयोग पुऱ्याउन, द्वन्द्व व्यवस्थापन गर्न, संविधान निर्माण प्रक्रियालाई सहयोग पुऱ्याउनुको साथै नेपाली सेना र माओवादी लडाकुहरूको अनुगमन/रेखदेख गर्नका लागि राजनीतिक सहमतिका आधारमा संयुक्त राष्ट्रसंघिय मिसन (अनमिन) नेपाल प्रवेश गरेको हो। नेपालमा अनमिन प्रवेशको मूलभूत ऐजेण्डा भनेको हतियार व्यवस्थापन तथा अनुगमन, संविधानसभा चुनावमा सहयोग र राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालयसगँ मिलेर मानव अधिकार आचारसंहिता तथा युद्धविरामको अनुगमन गर्ने हो। विवादै विवादको परिधि भित्र रहेर अनमिनले आफनो दुई वटा काम पूरा गरिसकेको छ भने अब गर्न बाकि रहेको काम भनेको हतियार व्यवस्थापन तथा अनुगमनको काम बाकि रहेको छ। हतियार व्यवस्थापन तथा अनुगमनको कार्यमा जुटेको अनमिन माथि राजनीतिक दलहरूले चौतर्फी विरोध गरिरहेको छ। विवदको मूख्य जड भनेको शिविरमा रहेको माओवादी लडाकुहरूको अद्यावधिक तथ्याङ्क अनमिनले सरकारलाई उपलब्ध नगराएको कारणले नै हो। माओवादीको पक्षमा अनमिन लागेर सरकारलाई यकिन तथ्याङ्क उपलब्ध नगराएको आरोप राजनीतिक दलहरूको छ भने माओवादीले भने यी सबै घटनाहरूलाई बढावा दिनुमा विदेशी शक्तिको हाथ रहेको पुष्ठि गरेका छन्। अनमिनले तथ्याङ्क उपलब्ध गराएर सरकारलाई सहयोग गर्नुको साटो अनमिन उल्टै माओवादी बनेको भन्ने आरोप खेपिरहेको अवस्थामा निस्पक्ष र स्वतन्त्र रुपमा अनमिनले आफनो भूमिका स्पष्ट पार्नु पर्ने हो।

शिविर छाडिसकेका लडाकुका नाममा पनि माओवादीले रकम उठाइरहेको कारण शिविरमा रहेका लडाकुहरूको तथ्याङ्क र सम्पूर्ण विवरण सरकारलाई उपलब्ध गराएर अनमिनले सहयोग गर्नुपर्दछ भनेर सरकारले पटक पटक विवरण मागदा पनि सो को वेवास्ता गर्दै अनमिन आफू पन्छन खोजिरहेको छ। कहिल्यै तथ्याङ्क उपलब्ध गराउन नमिल्ने र कहिल्यै आफू सँगै तथ्याङ्क नरहेको भनेर गलत प्रतिक्रिया दिदै शान्ति प्रक्रियामा बाधा निम्त्याउने काम गरिरहेका छन्।

शान्ति पुनर्स्थापनामा सहयोग पुऱ्याउन नेपाल भित्रिएको अनमिनले लडाकुहरूको विवरण गोप्य राख्नुपर्ने र दिन नमिल्ने सार्वजनिक अभिव्यक्ति दिदै आएको छ। राजनीतिक सहमतिमा नेपाल भित्रिएको अनमिनले हाल आएर लडाकुहरूको तथ्याङ्क नबताउनुले प्रस्ट हुन्छ कि अनमिन नेपालको शान्ति प्रक्रिया प्रति गम्भिर नरहेको र माओवादीको पक्षमा रहेर सरकारलाई सहयोग नगरेको भन्ने कुरा प्रष्ट हुन्छ। अनमिन नेपाल प्रवेश लगतै समय समयमा विवादित रहँदै आएको छ। विगतका दिनहरूमा पनि अनमिनको निगरानीमा रहेको लडाकुहरू हतियार बोकि सार्वजनिक रुपमै शिविर बाट निक्लने गर्थे। अनमिनको निगरानीमै यस्ता घटनाहरू घट्छ भने अनमिन माथि शंका गर्नु कसैको पनि दोष होईन।

**अनमिनको नेपाल प्रवेश**

० सात दल र माओवादीवीच २०६२ मङ्सिर ७ गते भएको १२ बूदे सहमतिमा शान्ति प्रक्रियालाई अगाडी बढाउने सवालमा संयुक्त राष्ट्रसङ्घ वा विश्वासिलो अन्तराष्ट्रिय समुदायको सलंग्नता गराउने निर्णय। ० २०६३ जेठ १२ गते सरकार र माओवादीवीच सम्पन्न वार्ताबाट तय गरिएको २५ बूदे आचारसहिता अनुगमनका लागि संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार आयोगको नेपाल स्थित कार्यालयलाई सहयोगको लागि आग्रह। ० तत्कालिन सरकार-माओवादीले २०६३ साउन २४ गते नेपालको शान्तिप्रक्रियामा सघाउन राष्ट्रसङ्घलाई अनुरोध गरि संयुक्त रुपमा पत्राचार गरेपछि संयुक्त राष्ट्रसङ्घीय मिसन (अनमिन) नेपाल प्रवेश गरेको। ० २०६३ माघ १९ गते राष्ट्रसंघीय सुरक्षा परिषद्द्वारा नेपालमा राजनीतिक मिसन पठाउने निर्णय गरेको थियो। अनमिन राष्ट्रसङ्घीय सचिवालय अन्तर्गत रहेको 'पिस किपिङ अपरेशन" अन्तर्गतको च्याप्टर ६ अनुसार नभई राजनीतक मामिला अनुरुप परिचालित छ।

अनमिनको विषयलाई लिएर संचार माध्यममै शंकास्पद कुराहरू सार्वजनिक भइरहेको अवस्थामा सरकारले अनमिन सगँ योग्य ठहरिएका माओवादी लडाकुको संख्या, मापदण्ड र हतियारको विवरण मागदा आफू सगै सो प्रमाण नरहेको भनेर अनमिन उम्कन खोजेको छ। सरकारको मान्यता र अनमिनको काम भनेको निष्पक्ष रुपमा आफनो भूमिका प्रस्टयाउनु हो तर माओवादीको पक्षमा लागेर सरकारलाई नै भुक्याउने काम अनमिनले गर्दै छ। अनमिनले गरेको लडाकु प्रमाणिकरणको तथ्याङ्क पनि गलत रहेको भनेर रक्षा मन्त्री विद्या भण्डारीले सञ्चार माध्यमलाई जानकारी दिनु भएको थियो। अनमिनले अयोग्य ठहराएको ४ हजार मध्ये २ हजार ६ सयको मात्र बहिर्गमन भएको र बाकी १ हजार ४ सयको तथ्याङ्क गलत रहेको कुरा सरकार बाटै बाहिर आएको छ। प्रमाणिकरणको गलत तथ्याङ्क अनमिनले सरकारलाई दिएको कारणले नै लडाकुहरूको पुर्न प्रमाणिकरण गर्न र सत्य तथ्य विवरण सरकारलाई उपलब्ध गराउन सरकारले माग गरेको हो। सरकारले राष्ट्रिय बजेट खर्च गरेर माओवादी लडाकु पाल्न नसक्ने र अनमिनले यदि सरकारलाई विगतका दिनमा भैं भुक्याउने प्रयासमा लागेको आरोप समेत लगाएको छ। नेपाल प्रवेश लगतै विभिन्न आरोप खेप्दै आइरहेको अनमिन माओवादी तिर ढल्केकै कारणले गर्दा सरकारले यकिन तथ्याङ्क प्राप्त गर्न सकेको छैन्। शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन आफनो भूमिका पारदर्शी पार्नुको साटो माओवादी परस्त भएर जुन क्रियाकलापहरू अनमिनले गरिरहेको छ त्यसले भोलिका दिनमा नेपालमा गृहयुद्ध निम्त्याउने सम्भावना रहेको प्रस्ट पारिदिएको छ। माओवादी लडाकुहरूको अद्यावधिक तथ्याङ्क अनमिनले उपलब्ध नगराउँदा सरकारले लडाकुहरूलाई रकम उपलब्ध गराउन सक्दैन् र भोलिका दिनमा यी लडाकुहरूले रकम नपाएको आवेगमा अपराधिक गतिविधि सञ्चालन गर्नेछन् जसको प्रत्यक्ष असर देशको शान्ति सुरक्षामा नै पर्न जान्छ।

शान्ति पुर्नस्थापना गर्न सरकार असफल रहेको अवस्थामा हतियार व्यवस्थापन र लडाकुहरूको तथ्याङ्क सरकारले मागदा अनमिनले उपलब्ध नगराउनु भनेको अनमिनले माओवादीलाई सघाउनु नै हो। सञ्चार जगत, राजनीतिक वृत्त देखि सरकारमै पनि अनमिनको तिव्र विरोध भइरहेको छ। विरोध नै विरोधको घेरामा अनमिनले आफूलाई साँचो र पारदर्शि रुपमा उभ्याउनु पर्ने हो तर अनमिनले आफूलाई सच्याउनु र आफनो भूमिका प्रस्ट पार्नुभन्दा पनि आफनो गैर जिम्मेवारपनको उदाहरण दिन तल्लिन रहेको आम जनताले नै स्वीकारेका छन्। राजनीतिक दलहरू अनमिनको क्रियाकलाप प्रति गम्भिर हुनु जरुरी छ। सबै राजनीतिक दल मिलेर अनमिनलाई सच्याउनुको साथै अनमिनलाई नेपाल निम्त्याउनुको कारण र उसको भूमिकाको बारेमा प्रस्टयाउनु जरुरी छ। कांग्रेस र एमाले मात्र मिलेर अनमिनको आलोचना गर्ने होइन सबै राजनीतिक दलहरू मिलेर अनमिन लाई पारदर्शि बनाउनु र शान्ति पुर्नस्थापना गराउन सहयोग गर्नुपर्छ।

अनमिनलाई राजनीति गर्ने अखडा बनाउन माओवादी तम्सिएको छ। दोषरोपणको राजनीति गरेर कहिल्यै नथाकेका माओवादीहरूले अनमिनलाई बुई चढाएर फेरि पनि आफनो लडाकुहरूलाई भनै उच्छृङ्खल बनाउन तम्सेका छन्। लडाकुहरूको तथ्याङ्क उपलब्ध नगराउनु, हतियार व्यवस्थापनमा गम्भिर नहुनु र लडाकुहरूको प्रमाणिकरणमा पारदर्शिता नहुनु नै थाहा हुन्छ कि शान्ति प्रक्रियाको प्रमुख बाधक नै अनमिन हो भनेर।

एकातिर अयोग्य ठहराइ शिविर बाट बाहिर निकालिएका माओवादी लडाकुहरूको आक्रोस र अर्को तिर शिविर भित्र रहेका लडाकुहरूले भत्ता नपाउँदाको आक्रोसको मारमा अनमिन थिचिएर रहेको छ। यी दुबै परिस्थिति बाट ग्रुजेका माओवादी लडाकुहरूको आखाँको कसिँगर अनमिन बनेको छ। भविष्यमा यी लडाकुहरू बाट नै अनमिनलाई हानि हुने काम नहोला भन्न सकिन्न। लडाकुहरूलाई उग्र बनाउन अनमिन तल्लिन रहेको छ। भूमिगत छापामारहरू जो हतियार बोक्ने कलामा निपूण रहेका छन् उनीहरूलाई कृषिमा र घरेलु कामकाजमा स्थापित गर्ने निर्णय नै मूर्खता हो र अयोग्य भनेर शिविर बाट निकालिएका लडाकुहरू जसले आफनो जिविकोपार्जनका लागि हतियार उठाउनु बाहेक अर्को कुनै विकल्प नरहेको अवस्थामा अपराधिक क्रियाकलापमा बृद्धि हुनेछ। अनमिनको कार्यदिशालाई हेर्ने हो भने यसले भविष्यमा निम्त्याउने दुर्घटनाहरूलाई छलङ्ग पारिदिएको छ। शिविर भित्र रहेको लडाकुको तथ्याङ्क सरकारलाई उपलब्ध नगराउँदा सरकारले लडाकुहरूको नाममा बजेट छुट्टयाउन सक्दैन् जसले गर्दा लडाकुहरू शिविरबाट बाहिर निक्लने सम्भावना हुनुको साथै शिविर भित्रै वा बाहिरै रहेर आपराधिक क्रियाकलाप फैलाउन सक्रिय हुन्छन्। अनमिनको निगरानिमा रहेको हतियारको वेचविखन लगायतका कार्यहरूमा समेत लडाकुहरू सक्रिय नहोलान भन्न सकिन्न किन भने विगतका दिनमा अनमिनको निगरानिमा रहेको हतियार बोकि सावर्जनिक रुपमा लडाकुहरू शिविर बाहिर निक्लेका थिए। कुनै एक व्यक्तिको पक्षमा लागेर अनमिन सरकार प्रति नै पारदर्शि नहुनु भनेको संयुक्त राष्ट्रसघंलाई नै बद्नाम गर्नु हो। शान्ति स्थापनार्थ भित्रिएको अनमिनले न्यायोचित व्यवहार गर्नुपर्ने हो तर माओवादीको पक्षमा लागेर शान्ति सम्झौतालाई नै जोखिममा राख्नु भनेको आफनो उद्देश्य बाट नै विचलित रहनु हो।

(मधेश दर्पण फिचर सेवा)

---

**दाहालको...**

पोलोटिब्युरोको बैठकले राष्ट्रिय सहमतिको सरकार गठन हुन नसक्ने ठहर गर्दै सडक संघर्षलाई प्राथमिकतामा राखेपछि फेरि जनता माओवादीप्रति आक्रोशित भएका छन्। माओवादी नेतृत्वले अन्तिम लडाइँ भन्दै गत पुष ५,६,७ र वैशाख १९ देखि २५ गतेसम्म आमहड्ताल गरेको थियो। दुवै पटक गरिएका आमहड्ताललाई अनिश्चितकालिन भनेर घोषणा गरिएपनि वैशाखमा भएको आमहड्तालका विरुद्ध जनता सडकमा ओर्लिएपछि बाध्य भएर माओवादी नेतृत्वले आमहड्ताल फिर्ता लिएको थियो।

एकीकृत नेकपा माओवादीले आफ्नो पार्टीको नेतृत्वमा राष्ट्रिय सरकार बनाउनु पर्छ भन्ने माग राखेपछि उसले पार्टी अध्यक्ष पुष्पकमल दाहालकै नेतृत्वमा सरकार बन्नु पर्ने अडान लिएपछि अन्य दलहरूले दाहाललाई समर्थन जनाउन सकेका छैनन्। ९ महिनासम्म सरकारको नेतृत्व गरेका दाहाल सरकार सञ्चालन गर्न असफल भएको अन्य दलहरूको ठहर रहेको छ। लामो समयदेखि माओवादीलाई साथ दिँदै आएको मधेशी जनअधिकार फोरम नेपालले समेत अध्यक्ष दाहालको नेतृत्व स्वीकार गर्न नसक्ने र माओवादीकै नेतृत्वमा सरकार बनाउनु परे डा.बाबुराम भट्टराईलाई प्रधानमन्त्रीको दावेदार घोषणा गर्न आग्रह गरेपनि अध्यक्ष दाहाल आफूबाहेक अन्य कसैलाई प्रधानमन्त्री बन्न नदिने धुनमा लागेर बरु प्रतिपक्षामा बस्न तयार भएपछि, माओवादीभित्र अन्तरिक द्वन्द भन चर्किएको छ। मधेशवादी प्रायः सबै दलहरूले डा.भट्टराईलाई समर्थन गर्ने आश्वासन दाहाललाई दिए पनि दाहालले त्यसतर्फ समर्थन नजनाएका हुनाले राष्ट्रिय सहमतिको सरकार बन्न सक्ने अवस्था देखिएको छैन्।

माओवादीले राष्ट्रिय सहमतिको सरकार बन्नुपर्ने माग गरेपनि अहिले अध्यक्ष दाहालकै नेतृत्व चाहिन्छ भन्नुको कुनै अर्थ छैन। संविधानसभामा सबैभन्दा ठूलो दल भएको नाताले उसले आफ्नो पार्टीका दाहालबाहेक अन्य नेताहरूको नेतृत्वमा सरकार बनाउने प्रयास गरेको खण्डमा त्यसले सार्थकता पाउन सक्छ। एक पटक असफल सावित भइसकेका व्यक्तिलाई फेरि एक वर्षमै प्रधानमन्त्रीको मोह जाग्नुको अर्थ के ? तीन बुँदे सहमतिमा उल्लेख गरिएको शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउने र पूर्व लडाकूहरूको व्यवस्थापन र समायोजनमा माओवादीले पूर्ण प्रतिबद्धता जनाउनुको सट्टा अनेक बहाना निकालेर अब प्रधानमन्त्रीको राजिनामा नआइ अन्य दलहरूसँग वार्ता नै नगर्ने भन्ने दाहालको भनाई अझै पनि हतियारको दम्भको उपज हो।

अध्यक्ष पुष्पकमल दाहालले बैठकमा प्रस्तुत गरेको सेना समायोजन र पुर्नस्थापना सम्बन्धी प्रस्तावलाई अन्यदलहरूले स्वीकार गर्न सक्ने अवस्था छैन। दाहालले माओवादी लडाकूलाई मात्र राखेर छुटै सुरक्षाबल बनाउने प्रस्ताव राखेका छन्, त्यसैगरी एकाइगत सुरक्षा निकयमा समायोजन गर्ने र समायोजन गर्ने लडाकुहरूको संख्या बराबर नेपाली सेना, सशस्त्र प्रहरीबाट ल्याएर छुट्टै सरक्षा बल गठन गर्ने विकल्प राखेपनि माओवादीका लडाकूहरू मात्र राखेर छुट्टै सुरक्षा बल बनाएको खण्डमा त्यो मुलुकको लागि दुर्भाग्य सावित हुने चर्चा चल्न थालेको छ।

# India entraps US in Afghanistan

**Sajjad Shaukat**

Although US President Obama has announced that he will send an extra 30,000 troops to fight the war in Afghanistan, yet his revised strategy also includes exit strategy as he has indicated that withdrawal of forces will start in July 2011. In this context, on November 15, US Secretary of State, Hillary Clinton had already revealed, "We're not interested in staying in Afghanistan" for a long time.and set a start date for military withdrawal. Frustrated in achieving their goals, the US-led NATO countries have seriously been considering withdrawal of their troops from Afghanistan in future owing to growing domestic pressure coupled with daily casualties of their personnel and rising cost of war. Particularly, America has been bearing huge losses, amounting seven trillion dollars in the total cost of war against terrorism, increase in defence budget and acute financial crisis inside the US homeland. On the other side, India wants to entrap the US permanently in Afghanistan in order to achieve its secret designs against Pakistan and China - in the Indian-held Kashmir by damaging American global and regional interests. It is basis of Indian shrewd diplomacy to engage the US-led NATO troops in Afghanistan for unlimited period. In this regard, prior to his visit to the US for getting sophisticated technology, including American support for a permanent seat for New Delhi in the UN Security Council, Indian Prime Minister Manmohan Singh already exposed his cunning diplomacy by showing his illogical approach during his interview to the Washington Post and Newsweek. He remarked that India "wants to resolve all outstanding issues with Pakistan", while accusing the latter of "sponsoring terrorism…planning another Mumbai-type attack in India". He called for the US pressure on Islamabad to rein in extremists. He also said that he would encourage the American leadership to stay in Afghanistan. Besides, Singh warned that Afghanistan could fall into a civil war if the US pulled out, while saying: "It is very important that both the US and the global community stay engaged in Afghanistan." During his trip, Singh who was warmly welcomed by the American president and other high officials left no stone unturned in convincing Washington raising alleged concerns regarding Pakistan and Afghanistan in connection with militancy, while emphasising a strategic partnership and common values of democracy. Under the pretext of common goals, his insistence was that both US and India can collectively resolve global and regional issues like hunger, security and nuclear disarmament in the wake of a common menace of terrorism - a sustained commitment to continue assisting Afghanistan. Indian PM Singh was frustrated when on November 25, President Obama in the joint press conference made it clear that Washington wanted "encouraging ways in which both India and Pakistan can feel secure and focus on the development of their own countries and their own people…our core goal is to achieve peace and security for all the peoples in the region, not just one country or the other". Obama also praised Pakistan's military operations in Swat and South Waziristan by explaining that Islamabad had made progress in fighting terrorists - hoping for anti-terrorism cooperation between all regional parties for the benefit of the people of Pakistan and India. However, Manmohan Singh who repeatedly indicated that Pakistan has nothing to fear from India created a sense of fear for Americans in order to ensure presence of their troops in Afghanistan. In this context, confused in his objectives, in his meetings at Washington, the Council on Foreign Relations and the Woodrow Wilson Centre, he reiterated, if insurgency "succeeds in Afghanistan and Pakistan, it shall be catastrophic" not only for India and the US but also for whole of the region. He again urged the needs of greater American pressure on Pakistan to curb terrorism. Nevertheless, by setting aside Islamabad's perennial offers for resumption of dialogue, the major aim of Singh's American trip was to indoctrinate the US high officials through Indian false propaganda that Pakistan has been sponsoring terrorism in both Afghanistan and India. In fact, India wants to entrap America permanently in Afghanistan which has become a most conducive place for Indians to fulfill their covert aims. Under the pretext of Talibanisation of Afghanistan and Pakistan, Indian secret agency, RAW with the support of Israeli Mossad has well-established its networks. Particularly, India has been running secret operations against Pakistan from its consulates in Mazar-i-Sharif, Jalalabad, Kandhar and other sensitive parts of the Pak-Afghan border. It has spent millions of dollars in Afghanistan to strengthen its grip. And from there, Indian RAW has been sending well-trained militants along with arms to Pakistan in order to attack the security personnel including western nationals. New Delhi which wants to get strategic depth against Pakistan has not only increased its military troops in the counry, but has also decided to set up cantonments. In this respect, puppet regime of Hamid Karzai encouraged India in using the Border Roads Organisation in constructing the ring roads by employing Indo-Tibeten police force for security. Regarding Indian activities in Afghanistan, on September 20, NATO commander, Gen. McChrystal in his report on the Afghan war admitted: "Indian political and economic influence is increasing in Afghanistan including significant development efforts…is likely to exacerbate regional tensions." Worried about withdrawal of the US-led allies from Afghanistan, India with the cladestine support of Indo-Israeli lobbies has already started a propaganda campaign in the West to implicate Islamabad. Even in an interview with the CNN, Singh remarked "Pakistan's objectives in Afghanistan are not necessarily in harmony with the American objectives…the Pakistan government and the Army are not moving to remove the Afghan Taliban" and that "Pakistan has not done enough with regard to pursuing the perpetrators of the Mumbai terror attacks," while, he presumed that Pakistan's nuclear arsenal could fall into the wrong hands. While showing realistic approach by rejecting Indian blame game against Pakistan, the US, UK and some other western countries have already refused official involvement of Islamabad in the Mumbai carnage of last year. Besides, in the recent past, a team of Indian intelligence officials left the US disappointed after a week-long stay as they were not allowed interrogating a Pakistan-born American national David Coleman Headley, arrested by the FBI on charges of plotting a major terror attack in India. Now, American officials and media have started focusing on Hindu fundamentalism in the face of recent leakage of the Justice Liberation Commission, admitting the official involvement of the BJP leadership in the destruction of the Babri Masjid (Mosque) - and over other developments like human violations in the Indian-held Kashmir, including violence against the Muslim and the Christian communities. However, if US-led NATO forces withdraw from Afghanistan, Karzai regime will fall like a palace of cards due to the growing Taliban militancy. Even New Delhi will not be in a position to maintain its network in the wake of the successful guerrilla warfare of the Taliban. Therefore, India is doing its utmost to convince Washington to have a long stay in Afghanistan. Failed in this objective, it can even act upon dirty tricks to get the foreign forces entangled in Afghanistan. In this context, first, with help of some so-called Indian Muslims, Indian RAW will increase attacks inside Afghanistan, targeting especially American soldiers with the sole aim to revive old blame game of the west against Islamabad for cross-border-terrorism. Second, RAW is likely to arrange another Mumbai type terror-carnage in India to get the sympathies of America and Europe, and to further distort the image of Islamabad. Third, with the help of Indian army officers and RAW, Hindu terrorists can overcome the obstacles in the acquisition of the weapons of mass destruction (WMDs). As regards the acquisition of WMDs, some Indian army officers and RAW could already be in cooperation with the Hindu fundamentalist organisations. They could also get or produce dirty nuclear bombs. While, western apprehensions are still found that some extremist Muslim militant, based in Pakistan's tribal areas are in pursuit of WMDs to use them in America and any European country. India has intensified its propaganda campaign regarding the insecurity of Pakistan's atomic assets. In this context, as a last option, India could use these fatal devices in the West, especially the US homeland not only to ensure NATO troops in Afghanistan, but also to incite them to attack Pakistan. Indians could also implement this most dangerous scheme so that the major western powers could demand Islamabad to roll back its nuclear programme.

*sajjad_logic@yahoo.com*

## Stepped up Indian state terrorism in IHK condemned

Srinagar, (KMS): In occupied Kashmir, the Chairman of All Parties Hurriyet Conference (APHC), Mirwaiz Umar Farooq, has condemned the stepped up Indian state terrorism in the territory.

Mirwaiz Umar Farooq, addressing a public gathering in Srinagar, said that Indian troops were killing innocent Kashmiris in the occupied territory with impunity. “The unresolved Kashmir dispute is the biggest hurdle in cordial relations between Pakistan and India,” he added.

He urged India to release all the pro-freedom leaders and activists, withdraw its troops from the territory, revoke all the draconian laws and allow unhindered cross-border movement and trade for creation of a conducive atmosphere for talks.

Commenting on the recent visit to the occupied valley by Indian Prime Minister, Manmohan, the Mirwaiz said, “Manmohan’s visit did not show any change in the Kashmir policy of India. Indian government should realise that Kashmir is not a development, economic or governance issue, but is a political issue.”

Emphasising that the Kashmir dispute was as alive as it was in 1947, the APHC Chairman said, “No economic package, accord or political gimmick can change the disputed status of Jammu and Kashmir.” He said that the APHC had always supported the efforts for meaningful dialogue process to settle the longstanding dispute.

The Mirwaiz denounced the fake encounter in Machil in which three innocent Kashmiri youth were killed by the troopers on April 30, this year.

# भारतको विकास : एक प्रेरणा

*- सलमा खातुन*

भारत भ्रमणको साताव्यापी भ्रमणका क्रममा नेपालको राजनीतिक परिवर्तनले सामाजिक क्षेत्रमा ल्याइएदिएको महत्वपूर्ण उपलब्धिबारे महसुस गर्ने अवसर पाएको थिएँ। हुन त समाचार खोज्ने र समाचारमै रम्नुपर्ने पेशा नै भएपनि महिला अधिकारसम्बन्धी नेपाली राजनीतिको उपलब्धिको दायराबारे भारत भ्रमणमा महशुस गर्ने अवसर पाइयो। नेपालको अन्तरिम संविधानमा महिलालाई अधिकार सम्पन्न बनाउन राज्यको हरेक क्षेत्रमा ३३ प्रतिशत आरक्षणको व्यवस्था गरेको छ। संवैधानिक अधिकार र प्रावधानको राज्यका हरेक अंगमा कसरी सुनिश्चित गरिएको छ त्यसबारे विश्लेषणात्मक अध्ययन बाँकी नै होला वा कतिपय निकायमा महिलाहरूको पहुँचका लागि चाहिने आवश्यक योग्यता क्षमताको अभावमा महिला नियुक्ति समानुपातिक रुपमा नगरिएको पनि हुन सक्ने अध्ययनबाट प्रष्टिन सक्ला। तर संवैधानिक प्रावधानले नेपाली महिलाले अधिकार सम्पन्न भने बनाएको पक्कै हो। एक्काइसौं शताब्दीको लोकतान्त्रिक तथा समतावादी चेतनाले अझै महिलाले अधिकार पाउन बाँकी रहेपनि प्राप्त अधिकारलाई भारतीय राजनीतिको अवस्थासंग तुलना गर्दा दुःख गर्नुपर्ने नभएर गर्व गर्ने नेपाली अवस्था रहेको भ्रमणका क्रममा अनुभव भयो। लोकतान्त्रिक आन्दोलनको कालखण्ड नेपाल भारतमा एउटै भएपनि नेपालमा हालसम्म लोकतान्त्रिक लडाँइ लडनु परेको यर्थाथ हो र यसैले होला नेपालमा महिला अधिकारको विद्यमान अवस्था भारतीय परिप्रेक्ष्यमा कम भने रहेको छैन्।

भारतमा संघीय गणतन्त्र उहिले भएपनि नेपालमा अहिले आएको छ। नेपालमा गणतन्त्र संस्थागत हुन अघि बनाइएको अन्तरिम संविधानमै ३३ प्रतिशतको आरक्षण सुव्यवस्थित गरिएको छ तर भारतमा अहिले ३३ प्रतिशत आरक्षणमा राजनीतिक छलफल र बहस भइरहेको छ। ६ दशक पुरानो लोकतन्त्रको अभ्यास गरिसकेका राजनीतिक दलहरूले महिला अधिकार सुनिश्चित गर्न देखाएको छोटो व्यवहारबाट भ्रमणका क्रममा आश्चर्य लाग्यो।

भारतको तल्लो सदन लोकसभाका सभामुख मीराकुमारले महिला अधिकारबारे भारतमा चलेको बहसका बारेमा धारणा व्यक्त गर्दैभन्नुभयो - महिला अथवा पुरुष हुनुले कुनै पदको कार्यमा फरक नपार्ने भारतको तल्लो सदन लोकसभाका सभामुख मीराकुमारले बताउनुभयो। आफू समेत सहभागी नेपालबाट गएको १२ जना महिला पत्रकारको टोलीसँगको कुराकानीमा सभामुख मीराकुमारले भन्नु भयो "चुनौती त सबैलाई आउँछन् चाहे त्यो महिला होस् वा पुरुष, हामीले आफूलाई लिङ्गीय रुपमा हेर्न हुँदैन। बरु सकेसम्म प्रतिस्पर्धात्मक बन्न सक्नुपर्छ।" उहाँले अगाडि थप्नुकभयो "ज्ञानको प्रयोग गरी नियमअनुसार कडा परिश्रम गरे महिलाहरू पुरुषभन्दा कत्ति पनि कम हुँदैनन्। उनीहरूमा भएको सुझबुझयुक्त व्यवहारले उनीहरूलाई पुरुषभन्दा पनि सफल तुल्याउन सक्छ। उद्यमी र साहासिक महिलाले राष्ट्रिय निर्माणमा पुर्‍याएको योगदान प्रसंशनीय र अनुकरणीय रहेको छ। आर्थिक विकासको दुई उत्कृष्ट नमुनाको रुपमा महिलाद्वारा सञ्चालित सेवा नामक संस्था र अमूल डेरीलाई लिन सकिन्छ। करीब तीस वर्षअघि खोलिएको सेवा संस्थाले लाखौं महिलालाई रोजगारी प्रदान गरी सशक्तिकरण अभियानलाई दरो तरिकाले अघि बढाएको छ। तीन दशकका दौरान विभिन्न घरेलु काममा लागेका १२ लाख ५६ हजार महिलाहरू सेवाका सदस्य बनिसकेका छन्। महिलाले घरमा जतिसुकै काम गरेपनि त्यसको खासै मूल्यांकन नगरिने परिवेशमा तिनै महिलाहरूले आफ्नो दैनिक कार्यलाई आज उद्योगको रुपमा परिणत गरेका छन्। गुजरातको अहमदाबादबाट सुरु गरिएको "सेवा" हाल उत्तर प्रदेश, मध्य प्रदेश, बिहार, दिल्ली, राजस्थान, पश्चिमि बंगाललगायत भारतका ९ वटा राज्यमा फैलिसकेको छ। विशेष गरी सिलाइबुनाइ र तरकारी व्यापारलाई प्राथमिकता दिइएको सेवाअन्तर्गत तरकारी व्यवसायी महिलामात्र ६० हजारको संख्यामा रहेका छन्। गैरराजनैतिक यो संस्था अनौपचारिक क्षेत्रमै कार्य गरिरहेका महिलाहरूलाई कपडा सिलाइबुनाइको अवसर प्रदान गरी रोजगारी समेत सृजना गरेको छ। कुल ७ घन्टाको समयावधिमा सेवामा दैनिक कम्तिमा पनि ५० वटा लुगा उत्पादन गरिन्छ। आनौपचारिक रुपमै थालिएको यो संस्थाले आज ट्रेड युनियनको रुप लिएको छ। आफ्ना कामदार महिलाको बजार व्यवस्थापन, मूल्य निर्धारण जस्ता कार्य उनीहरू आफैंले गर्ने गरेका छन् र यसैगरी उनीहरूले करोडौंको बचत समेत गरिसकेका छन्। नेपालमा घरेलु उद्योगहरूलेदेखि सबै क्षेत्रमा राजनीति हावी छ। साथै राज्यबाट पनि घरेलु उद्योगहरूले पनि प्रोत्साहन र सहयोग नपाउनु हामी नेपालीको विडम्बना हो।

त्यसैगरी सन् १९४६ मा दुईवटा गाउँबाट दूध जम्मा गरेर थालिएको अमूल सहकारी डेरी आज एसियाकै ठूलो ब्रान्डको रुपमा परिचित छ। सरदार बल्लभ भाइ पटेल र त्रिभुवन दास पटेलको अगुवाइमा करीब सयजना किसानको सहभागितामा सुरु गरिएको अमूल डेरीको स्थापना भारतको स्वतन्त्रता आन्दोलसँग जोडिएको छ। स्वेत क्रान्तिको नाम दिइएको दुग्ध किसानहरूको आन्दोलनले विश्वमै एउटा नमुना कायम गरेको छ। अमूलका हाल १३ वटा दुग्ध युनियनका ३० वटा प्लान्टमा २६ लाख किसान आबद्ध छन्। दूधको बित्रीवितरणबाट सुरु गरिएको अमुल सहकारीले अहिले दही, घ्यू, मक्खन, चकलेटसहित १ सय १४ किसिमका परिकारहरू उत्पादन गरिरहेको छ। नेपालमा हरेक संघसंस्थामा राजनीति हावी भइरहेका बेला गुजरातको अमूल डेरीमा कुनै राजनैतिक हस्तक्षेप भएको देखिएन। अन्तरराष्ट्रिय स्तरकै यो सहकारीमा किसानहरू स्वयंले आफ्ना निर्देशक र व्यवस्थापक चयन गर्ने प्रावधान छ। स्थापनाको ६३ वर्ष नाघि रहँदा साना किसानहरूको दूध व्यापारले भारतको आर्थिक क्षेत्रमा साँच्चै नै उल्लेख्नीय आर्थिक क्रान्ति ल्याएको छ। जसले लाखौंलाई रोजगारी दिएको त छँदैछ मुलुकको अर्थतन्त्रमा समेत ठूलो टेवा पुगेको छ। व्यापार गर्नुमात्र उनीहरूको उद्देश्य हैन दूध उत्पादनका स्रोत गाईभैंसीलाई पनि गुणस्तरीय सेवा पुर्‍याइएको छ भारतको गुजरातमा। पशुसेवालाई सुलभ बनाउन त्यहाँ मोबाइल प्रयोगशाला सहितको क्लिनिक सञ्चालन गरिएको छ। पशुहरूलाई दिइएको सुविधा यहाँसम्मको स्तरीय छ कि कुनै समय त्यहाँका महिलाले महिला हुनुभन्दा पशु भएर जन्मनु बेस भन्ने गर्थे अरे ! यसरी भारतमा राष्ट्रिय चेतनाको विकासले परिचालित महिला पुरुषको समाजले पुर्‍याएको योगदान महत्वपूर्ण रहेकोमा शंका भने छैन्। (मधेश दपर्ण फिचर सेवा)

## सुनश्री डेभलपमेन्टको उद्घाटन

ललितपुर / अन्तर्राष्ट्रिय सहकारी सिद्धान्त र भावनालाई अङ्गिकार गर्दै स्थानीय रुपमा छरिएर रहेको पूँजी, सीप र साधन-स्रोतलाई परिचालन गरी सदस्यहरूको सुनौलो भविष्य कोर्ने उद्देश्यले २०६६ सालमा स्थापना भएको सुनश्री डेभलपमेन्ट सेभिङ्ग एण्ड क्रेडिट को-अपरेटिभको राष्ट्रिय सहकारी संघका केन्द्रिय उपाध्यक्ष विजय घिमिरेबाट एक समारोह बीच उद्घाटन सम्पन्न भएको छ। ललितपुर जिल्लाको ठैब गाविस वडा नं. ९ मा रहेको उक्त को-अपरेटिभ लिमिटेडको उद्घाटन समारोहमा सम्पन्न प्रारम्भिक साधारण सभाले निर्विरोध रुपमा सञ्चालक समितिको घोषणा गरेको थियो। नवगठित समितिको अध्यक्षमा सुरेश कुमार खड्का, उपाध्यक्ष विनोद खड्का, सचिवमा नरहरि खड्का र कोषाध्यक्षमा कृष्ण जी.सी. चयन भएका छन् भने सदस्यहरूतर्फ राजेश महत, विजय थापा र राजेन्द्र कुमार के.सी. रहेका छन्। डिभिजन सहकारी कार्यालयका प्रतिनिधि चिरञ्जीवी पौडेल, स्थानीय समाजसेवीहरू कृष्णबहादुर के.सी. र शिव बहादुर खड्का लगायतका अतिथिहरूले संस्थाप्रति आ-आफ्नो धारणा ब्यक्त गरेपछि संस्थाका अध्यक्ष तथा समारोहका सभापति सुरेश कुमार खड्काले सभा विसर्जन गरेका थिए। कृषि विकास बैंकका प्रबन्धक मोहन के.सी., राष्ट्रिय बाणिज्य बैंकका प्रबन्धक अच्यूत थापा र कानूनविद् साधुराम खड्का समेतको सल्लाहकार समिति रहेको यस संस्थाको लेखा समितिमा गौरी भट्टराई (शान्ति)को संयोजकत्वमा सन्दिपराज खड्का र श्रीराज थापा सदस्य रहेका छन्। यसैगरी ऋण उपसमिति तर्फ राजेन्द्र कुमार के.सी.(राजु)को संयोजकत्वमा रविन खड्का र अञ्जनराज खड्का सदस्य रहेका छन् भने संस्थाको जारी पूँजी एक करोड पच्चीस लाख रहेको छ। साधारण क्रमिक बचत खाता, शिक्षक-कर्मचारी बचत, नारी/विद्यार्थी बचत, जेष्ठ नागरिक बचत र सुनश्री विशेष बचत जस्ता खाताहरूको दैनिक मौज्दातमा ९.५ प्रतिशत देखि १० प्रतिशतसम्म ब्याज दिने प्रावधान छ भने मुद्दती बचत तर्फ ११ प्रतिशत देखि ४ वर्षसम्म १४ प्रतिशत र पाँच वर्षमा संचित रकमको दोब्बर भूक्तानी गर्ने व्यवस्था रहेको छ।

## झाडापखालाको घरेलु उपचारका उपायहरू

**दिनमा तीन पटक वा सोभन्दा बढी पटक पानी जस्तो पातलो दिसा हुनलाई झाडापखाला रोग लागेको भनिन्छ। झाडापखाला हुँदा शरीरमा भएको पानी, नून, ग्लुकोज र तागतिलो पदार्थ खेर जान्छ। यस्ता पदार्थहरु खेर गएपछि शरीर सुख्खा हुन गई जलवियोजन भएर मानिस मर्न पनि सक्दछ। तसर्थ झडापखला लाग्दा घरमै निम्न उपायहरु अपनाउनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ।**

***झाडापखाला रोग लागे पछि गर्नुपर्ने कुराहरू :***

◆ शरीरबाट झडापखालाको रुपमा जति पानी खेर गएको छ, त्यतिकैअनुपातमा पुनर्जलीय झोल बनाएर खाने र खुवाउने गरौं। ५ वर्षसम्मका बच्चालाई आवश्यक मात्रामा जिङ्क चक्की महिला स्वयंसेविकासँग लिई १० दिनसम्म खुवाऔं।

◆ घरमै उपलब्ध हुनसक्ने झोल खानेकुराहरू जस्तै भातको माड, सुप, दालको रस, गेडागुडीको रस, फलफूलको रस वा तरकारीको रस प्रशस्त मात्रामा खुवाऔं।

◆ स्तनपान गरिरहेको बच्चालाई झडापखाला रोग लागेमा पटक-पटक स्तनपान गराइरहने गरौं।

◆ झाडापखाला हुँदा साविकको जस्तै खानेकुरा खाने र खुवाउने गरौं। झडापखाला भएको विरामी सुस्त वा बेहोस छ, छट्पटाउने वा झिजिने गर्छ, आँखा गडेको छ भने तुरुन्त नजिकको स्वास्थ्य संस्थामा लागि उपचार गराऔं।

◆ पुनर्जलीय झोल बनाउन १ लिटर सफा पानीमा १ पुनर्जलीय झोल बनाउने औषधीको धुलोको पुरिया पुरै मिसाएर पटक पटक पिउने गरौं। एक पटक बनाएको पुनर्जलीय झोल २४ घण्टाभित्र मात्र प्रयोग गरौं।

◆ झडापखाला निको भएपछि पनि १ हप्तासम्म साविक खानाभन्दा थप एक पटक खान दिने गरौं।

**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसंख्या मन्त्रालय**
**राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र**
**टेकु, काठमाडौं।**






**प्राधिकरणमा...**

करोड रुपैयाँ बराबरको मालसामन खरीद र ढुवानी सम्बन्धी ठेक्का झा र यादव आफैले गरेको छन् । सरकारको वार्षीक कार्यक्रम अनुसार २५ जिल्लामा सञ्चालन हुने ग्रामीण विद्युतीकरणका लागि माल सामानको खरीद र ढुवानी गर्ने विभागको कार्य क्षेत्रमा हस्तक्षेप गरेर झा र यादवले सम्झौता गरेपछि भ्रष्टाचारको पोल खुलेको हो । सरकारले प्रत्येक वर्ष गर्ने विद्युतीकरणका लागि आवश्यक पर्ने मालसामनहरू तार, पोल, इन्सुलेटर र ट्रान्सफर्मर लगायतमा सामान खरिद गर्दै आएकोमा यसपाली कार्यकारी निर्देशक र विद्युतीकरणका महाप्रबन्धक रामेश्वर यादव आफैंले गरेपनि अन्य विभागहरूले भने ठक्का पट्टा र खरीद आफै गर्दै आएका छन् ।

एक करोडभन्दा माथिको ठेक्का महाप्रबन्धकमा पेशगरी कार्यकारी निर्देशकले स्वीकृत गर्ने प्राधिकरणको आर्थिक विनीयममा उल्लेख भएको भएपनि विभागले स्वीकृतीका लागि महाप्रबन्ध कहाँ पठाउँदा ठूलो रकम देखेपछि उनले हस्तक्षेप गरेर आफैंले स्वीकृत गरेको भएपनि पैसाकै लागि कार्यकारी निर्देशकले पनि महाप्रबन्धक यादवले गरेको ठेक्कापट्टालाई नै स्वीकृत गरेर करोडौं रकम भ्रष्टाचार गरेको छन् । केही समय पहिला मालसामान ढुवानी र जडान सम्बन्धी भएको ठेक्कामा समेत कार्यकारी निर्देशक झा र यादवले हस्तक्षेप गरेर टेण्डर नै रद्दगरी पुनः टेण्डर गर्न दवाव दिएका थिए । विभागले छिटोकार्य सम्पन्न गर्न एक करोड रुपैयाँ बारबारको ढुवानी ठेक्का गरेको थियो । त्यो ठेक्का पनि रद्द गर्न महाप्रबन्धक यादवले दबाब दिएर आफ्नो अनुकूल गर्ने खोजेका थिए । त्यसमा कार्यकारी निर्देशक झाले यादवलाई पूरा समर्थन जनाएका थिए । ठेक्का भइसकेपछि रद्द गर्ननहुने र ६० लाखसम्मको ठेक्का अनुभव नभएका ठेकेदारहरूले गर्न पाउने सार्वजनिक खरीद ऐन २०६३ को दफा १० लाई उद्दत गर्दै विभागले कानून विभागमा रायको लागि सिफारिस गरेको भएपनि झा र यादवले भनेका ठेकेदार र कम्पनीलाई ठेक्का दिलाउनैको लागि निर्देशक झा र महाप्रबन्ध यादवले ठूलो दवाव दिएपछि विभागले लिखित निर्देशन दिन अनुरोध गरेको हुनाले अबदेखी ११ औं तहका व्यक्तिहरू मात्र राय सल्लाह लिन सक्ने निर्देशन कार्यकारी झाले प्राधिकरणभित्र जारी गरेका छन् । जेठ २९ गतेको परिपत्रअनुसार अब ११ औं तह भन्दा मुनिका व्यक्तिहरूले कानून विभागमा रायसल्लाह लिन पाउँदैनन् । यसरी कार्यकारी निर्देशक झा र महाप्रबन्धक यादवको मिलेमतोमा विद्युत् प्राधिकरणभित्र व्यापक अनियमितता भएपनि उर्जामन्त्री डा.प्रकाशशरण महतको ध्यान त्यतातिर जानु नसक्नुको कारण कतै महत पनि झाको पैसामा त विकेनन् भने प्रश्न समेत उठेको छ । जनता बत्ति बाल्न नपाएर छटपटिरहेका छन्, तर प्राधिकरणका हाकिमहरू भने कमजोर सरकारको फाइदा उठाउँदै लुट्नैमा व्यस्त रहदाँपनि अख्तियार चुप रहनुको रहस्य के ? यसतर्फ अख्तियारको ध्यान जान्छ कि भनि कर्चचारीहरूले नै बताएका छन् ।

**बारा...**

आश्चर्य त के छ भने पूर्वराजालाई पचहत्तरै जिल्लाबाट भ्रमण गरिदिन निम्तो आउन थालेको छ । पूर्व राजा कहाँ जाने कहाँ नजाने निर्णय गर्न अप्ठेरोमा परेका छन् । बारा पर्साका मन्दिरहरूमा पूजा अर्चना गर्न जाँदा जनताले पूर्व राजाको पाउ छोएका छन्, धुलोको टीका लागएका छन् । राजालाई फूल दिन, हातमा छुन, नमस्कार गर्न व्यापक तँछाड म छाडको प्रतिस्पर्धा पनि देखियो । यो परिदृश्य देख्दा लाग्छ राजतन्त्रको लोकप्रियता झन बढेको छ । जनाताले राजतन्त्र मासेको मन पराएका छैनन् । जनता राजतन्त्र पुनर्स्थामा भएको हेर्न चाहन्छन् ।

बारा पर्सामा घन्किएका राजतन्त्र जिन्दवादको नाराको आवाज सिंहदरबार र संविधानसभा हलसम्म घन्किएको छ । पूर्वराजाले राजनीतिक कुरा नगरे पनि धार्मिक पूजा राजनीतिले जनताको मन जित्न सफल भएको छ ।

**जनताले...**

कम भएमा १५ दिने सूचना निकाल्नु पर्दछ । अब जम्मा १२-१३ दिन बाँकीमा के काम हुन्छ, योजना सम्पन्न गर्न नभएर रकम गोलमालकै लागिमात्र रकम बाँडिएको मन्त्रालय सूत्रको दावी रहेको छ । ति योजनाहरू उपभोक्ता समितिलाई दिएको भनेर कागज मिलाएर दुरुपयोग गर्ने कार्यका लागि रकम बाडिएको हो ।

यसरी कानून विपरित गैर बजेट योजना लानेमा सत्तारुढ एमाले र मधेशी जनअधिकार फोरम लोकतान्त्रिकका सदस्यहरू बढी भएपनि कांग्रेस, माओवादी, राप्रपा र राजपाका प्रभावशाली नेताहरूसमेत रहेका छन् । एउटै नेताले आफ्नो जिल्ला वा निर्वाचन क्षेत्रमा ८/९ वटा योजनाहरूसमेत लगेका छन् । प्रत्येक योजनाका लागि नेताहरूले २ करोड सम्म माग गरेको भए पनि सरकारले भने एक करोड रुपैयाँ उपलब्ध गराएको छ । सरकारलाई दवावमा पारेर योजना लानेमा स्वयमं प्रधानमन्त्री माधवकुमार नेपाल, एमाले अध्यक्ष झलनाथ खनाल, सभामुख सुभाष नेम्वाङ, अर्थमन्त्री सुरेन्द्र पाण्डे, विष्णु पौडेल, प्रदिप ज्ञवाली, रधुवीर महासेठ, रामचन्द्र यादव, गोकर्ण विष्ट र रिजवान अन्सारी छन् भने कांग्रेसका नेताहरूमा रामचन्द्र पौडेल, पूर्व अर्थमन्त्री डा.रामशरण महत, सिचाईं मन्त्री बालकृष्ण खाँड, उर्जा मन्त्री डा.प्रकाशरण महत, राष्ट्रिय जनशक्ति पार्टीका सह-अध्यक्ष डा.प्रकाशचन्द्र लोहनी, राप्रपाका बुद्धिमान तामाङ तथा माओवादीका रामबहादुर थापा 'बादल' र टोपबहादुर रायमाझी रहेका छन् । मधेशवादी दलका प्रायः सबै जसो नेताहरूले त्यसरी नै गैर बजेट लगेका छन् । त्यसमा सबैभन्दा बढी लानेमा भौतिक योजना निर्माण मन्त्री विजय गच्छदार र राज्यमन्त्री सञ्जयकुमार साह रहेका छन् । माओवादीका रामबहादुर थापा बादलले ४ करोड ९२ लाख मागेकोमा सरकारले उनलाई ८० लाख रुपैयाँ उपलब्ध गराएको छ । यसरी धमाधम रकम विनीयोजित गर्दै आर्थिक वर्षको अन्त्यमा पैसा लिएर जानुले नेताहरू जनताको ध्यान अर्कोतिर मोडिएको बेला खल्ती भर्ने कार्यमा लागेका हुन सक्ने आशंका समेत गरिएको छ । आर्थिक वर्षको अन्त्यमा अर्थ मन्त्रालयले रकम रकमान्तर गरेर पैसा बाँड्नुले फेरि कतै बहुमतीय सरकार निर्माणको लागि बाटो खुल्ला गरिएको त होइन भन्ने प्रश्न समेत उठेको छ ।

**सुजाता...**

अब सुजाताको पत्ता साफ हुन्छ भन्ने अड्कलबाजी भइरहेको बेलामा सुजाताको यो दिल्ली तुरुप कति कामयवा हुने हो भन्न सकिन्न । तर दिल्लीमूखी राजनीतिक मजवुत भइरहेको अवस्थाले सुजाताको विजय नहोला पनि भन्न सकिन्न ।

**माओवादी...**

सरकार बन्नुपर्नै अभिव्यक्ति दिएका छन् । माओवादी नेतृत्व पंक्तिमा अब ३ धार देखिएको छ ।

प्रचण्ड आफु प्रधानमन्त्री बन्न पाए ठीक नत्र प्रतिपक्षमा बस्ने कुरा गर्छन् डा.बाबुराम भट्टराई चुप बसे पनि उनका पक्षधर भट्टराईको नेतृत्व भनेर दवाव दिन थालेका छन् । मोहन वैद्य किरण कि सत्ता, कि जनयुद्धमा जानुपर्छ भन्दै छन् । यसैबीच प्रचण्डले ०५२ सालको स्थिति दोहोरिने भनेर जनयुद्धको धमास दिएका छन् । हेरौं माओवादी कहाँ पुग्छ ?

**काउन्सील...**

तोकिएको भन्दै सरकारले अवकास दिएको भन्दै रिट दायर गरेका थिए ।

उक्त रिटमा न्यायाधिस द्वय खिलराज रेग्मी र गौरी ढकालको संयुक्त इजलासले जेठ १८ गते स्वेच्छिक राजिनामाबाहेक चार वर्षे पदावधि पूरा नभई अवकास दिने कानूनी प्रावधान नरहेको भन्दै सञ्चार मन्त्रालयले वैशाख ९ गते काउन्सिलका सदस्यहरूलाई हटाउने निर्णय उचित र पर्याप्त कारण नभएको भन्दै अवकास दिने निर्णय रोक्न अन्तरिम आदेश जारी गरेको थियो । उक्त रिटको अर्को निर्णयअनुसार सर्वोच्च अदालतका न्यायाधिसद्वय रामकुमारप्रसाद साह र प्रेम शर्माको संयुक्त इजलासले असार १ गते दिएको आदेशमा ऐनको दफा उल्लेख गरी चार वर्षका लागि भनि नियुक्ती गरेकोमा प्रेस काउन्सिल ऐन २०४८ को दफ ६( २) आकर्षित हुने, तर ऐनको दफा प्रयोग नगरी बढीमा चार वर्षका लागि भन्ने शब्द राखि नियुक्ती दिइएकोमा भने उक्त दफा आकर्षित नभई बीचमै अवकाश दिन सक्ने निर्णय गरेपछि प्रेस काउन्सिल अहिले सदस्यबिहीन अवस्थामा पुगेको छ । सरकाले बीचमै सदस्यहरूलाई हटाएर फेरी अन्य व्यक्तिलाई प्रेस काउन्सिलको सदस्यामा मनोनित गरेपनि सर्वोच्चको अन्तरिम आदेशअनुसार पहिलाकै सदस्यहरूलाई पुनर्बहाली गराएकोमा सर्वोच्च अदालतले फेरि अर्को आदेश दिएर सरकारले हटाउन सक्ने निर्णय गरेपछि काउनिसलका सदस्यहरूको हैसियत अब के हुने भन्ने आम पत्रकारहबीच चर्चाको विषय बनेको छ । हेर्न बाँकी छ, सञ्चारमन्त्री शंकर पोखरेलले अब काउन्सिलका कुन सदस्यलाई बहाली गराउँछन् पहिलाकै कि फेरी आफूले मनोनित गरेका सदस्यहरूलाई ।

**थपिएको...**

लागि भनिएको संविधान...!? त, यस्तो स्थिति छ, कथित मुख्य तीन दलको । यिनलाई नेपाल र नेपाली प्रतिको दायित्यबोध पटक्कै देखिएन । पहिला यिनमा देखिएको पार्टीवादी चिन्तनलाई नेपाली जनताले 'पार्टी सिष्टममा यस्तै हुन्छ' भनी चुपचाप पचाएका थिए । ...तर, अब ? झन् अब त पार्टीवादी चिन्तन भन्दा पनि यिनमा व्यक्तिवादी चिन्तन पो देखियो । अब देश कता ? नेपाली जनता कता ? देश हाँक्नेहरूमा पार्टीगत धारणा भन्दा पनि संकुचित भएर व्यक्तिगत धारणा आउन थालेपछि हामी नेपालीहरूको अब स्थिति के हुने हो ? व्यक्तिगत लाभका लागि यिनीहरू कति सम्म र कहाँसम्म गएर गिर्ने हुन ? र हाम्रो देशलाई कहाँ नेर लगेर अझ जाँक्ने हुन् ? त्यो पो चिन्ता हुन थाल्यो । देशको दुई-दुई जना उपप्रधानमन्त्री (सुजाता र गच्छदार) हरू दिल्लीमा गएर कथित रुपमा स्वास्थ्य उपचार गराउन थाले पछि नेपाल र नेपालीको स्वास्थ्यको स्थिति झन् पो बिग्रिने छाँटकाट देखिन थाल्यो । यस्तो अवस्थामा त्यो सोझो देखिने त्यो 'लिम्बू' अर्थात् सभाध्यक्ष नेम्वाङ्ग अब 'कार्य तालिका' (संविधान लेखनको !!) बनाऔं भनेर कराएको करायै छन् !!...तर यि जबर्जस्ती जनताको प्रतिनिधि भएकाहरू चै अझै आफ्नो नेतृत्वमा सरकार बनाउन मै अल्झेको अल्झै !! जस्ते कि, माथि नै उल्लेख गरिसकियो कि, जेठ १४ मा समय थपिएपछि यी तीन दलले आ-आफ्नो 'औकात' देखाउन थाले भनेर । अर्थात् यिनलाई 'जनता'को संविधानको होइन कि 'आफू' नेतृत्वको सरकारको चासो छ । त, हिजो लहैलहैमा लागेर 'गणतन्त्र' वा अझ 'जनगणतन्त्र' को नारा उराल्ने हामी मध्येका केही नेपालीहरूले अब गम्भीर भएर सोचौं कि हामीले के का लागि कराएका थियौं ? र अहिले हामीले के पाइरहेका छौं ? र भोली हाम्रो शेष पछिका सन्ततीहरूले हामीलई कसरी सराप्ने हुन भनेर ? ...त्यता तिर गम्भीर भएर सोचौ है !! फटाहा, जाली, राष्ट्रघाती, भ्रष्टाचारीहरूले झुक्याउन सम्म झुक्याए- हामीलाई !! ...तर अब सुधार गर्ने ? वा यिनको यस्तै तमाशा हेर्दै देश र आफूलाई डुबाउने ? त्यतातिर पनि गम्भीर भएर बिचार गरौं । ...विश्वास गरौं यिनको बलबुतामा न संविधान आउँछ न त देशमा स्थिरता आउँछ । हो यदी राकेस सुद (भारतीय राजदूत) आफैं अघि सरी नयाँ दिल्लीले दिएको नेपालको संविधानलाई (!) नेपाली जनताका कथित प्रतिनिधिहरूबाट 'पास' गराए भने त्यो भिन्नै कुरा हो । तर यी तीन मुख्य दलबाट केही हुनेवाला छैन । अब थपिएको एक वर्ष सम्म यस्तै 'तमाशा' हुनेछ, यदी हामी राष्ट्रभक्त नेपालीहरूले बुझ पचाएर चुपचाप सुतिरहने हो भने । यिनीहरू झगडा गरिरहन्छन्...हामीले तिरेको करको पैसा उडाइरहन्छन्...र हाम्रो देशलाई बर्वाद पारिरहन्छन्...। त्यसकारण ....!?


*जाति, धर्म, वर्ण र लिङ्गको आरधारमा विवाद नगरौं, एक-अर्कामा मिलेर अघि बढौं ।*

**नेपाल सरकार**

**सूचना तथा सञ्चार मन्त्रालय**

**सूचना विभाग**


# कांग्रेसभित्र शक्ति संघर्ष

काठमाडौं /माधवकुमार नेपालले राजीनामा दिएपछि कांग्रेसको नेतृत्वमा सरकार बन्ने सम्भावना मजबुद भएपछि कांग्रेस नेतात्रयबीच शक्ति संघर्ष शुरु भएको छ । सुशील कोइराला, शेरबहादुर देउवा र रामचन्द्र पौडेल शक्ति संघर्षका पात्रहरू हुन् । सुशील स्वयं सत्तामा जान नचाहेकाले जनजातिबाट प्रम किन नहुने ? भनेर के.बी. गुरुङ मच्चिएका छन् । गुरुङको तर्क छ, शेरबहादुरका लागि प्रधानमन्त्री पद थोत्रो जुत्ता हो । रामचन्द्र पहिले नै उपप्रधानमन्त्री भइसकेका व्यक्ति हुन् । कांग्रेसले जनजातिको नेतृत्वमा सरकार बनायो भने देशव्यापी रुपमा सकारात्मक म्यासेज जान्छ भनेर के.बी. गुरुङ दावी गरिरहेका छन् ।

तर शेरहादुर देउवा आफैं प्रधानमन्त्री बन्नका लागि आफ्नो मोर्चाबाट बाहिर गएका खुमबहादुर खड्कालाई पनि मिलाउन सफल भएका छन् । खुमबहादुर तत्काल तरुण दस्ता बनाउनु पर्छ भनेर देशव्यापी संगठनकर्ता हुन् । हुन त कांग्रेसले तत्कालका लागि दस्ता नबाउने भएको छ । भित्रीभित्रै खड्काले दस्तालाई परिचालन गरिरहेका छन् । आशन्न महाधिवेशनमा खड्का विशेष शक्तिमान हुन सक्ने आँकलन गरिएको छ ।


SINCE 1890

San Miguel® BEER


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल, कार्यालय : बुद्धनगर, फोन नम्बर : ४७८०२९५ मो. : ९८४१२५४८८५, काठमाडौं, कानूनी सल्लाहकार : त्रिलोकबहादुर चन्द, मो.९८४१२५९६९९ मुद्रण : इमेज अफसेट प्रेस, ललितपुर